# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

# बेलौरी नगरपालिका

## कञ्चनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३८९ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
बेलौरी नगरपालिका,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले **बेलौरी नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.३ करोड ९८ लाख ५६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.७५ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४८ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.३४ लाख २७ हजार र पेश्की रु.२ करोड ४० लाख ७१ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.१८ करोड १२ लाख १८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ६१ लाख १० हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# बेलौरी नगरपालिका, कञ्चनपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | २१ | ३९८५६ | ० | ० | ० | ४७ | २१ | ३९८५६ | ७५५१ | ३४२७ | ४८०७ | ० | ० | ८२३४ | २४०७१ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १८१२१८ | ० | २४९६४ | १५६२५४ | ० | ३९८५६ | १९६११० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेलौरी नगरपालिका, कंचनपुर , बेलौरी नगरपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खेम प्रसाद चौधरी | २०७८-६-७ | २०७७-११-७ |
| कार्यालय प्रमुख | नेत्र प्रसाद पौडेल | २०७७-११-९ | २०७८-२-२१ |
| कार्यालय प्रमुख | रबिन्द्र प्रसाद चौधरी | २०७८-२-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ओम प्रसाद उपाध्याय | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३९,८५६,०९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०,१८,५२,२१८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५४,८०,६४,४३६ | चालु खर्च | ५२,३३,१९,०५२ |
| प्रदेश सरकारबाट अनुदान | २,९०,४३,११८ | पूँजीगत खर्च | २१,३४,७०,९११ |
| राजश्व बाँडफाँट | १०,१५,४७,००८ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | २,५९,१७,०८७ | | |
| अन्य आय | ३,८२,०६,१७१ | | |
| कुल आय | ७४,२७,७७,८२० | कुल खर्च | ७३,६७,८९,९६३ |
| बाँकी मौज्दात | | १०,७८,४०,०७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागित, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । नेपालको सुदूर पश्चिम प्रदेशको कन्चनपुर जिल्ला अन्तर्गतको यस बेलौरी नगरपालिकामा १० वडा,५४सभा सदस्य,१२३ वर्ग किलोमिटर क्षेत्रफल तथा ५३५४४ जनसंख्या रहेको छ ।<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्बन्धित विबरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणकासीमा समेतको आधारमा नमुना छनौटगरीलेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणकोप्रारम्भिक प्रतिवेदनको मस्यौदामाव्यवस्थापनपक्षसंग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरीजारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारकोजिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ । खर्च भएर जाने तथा नजाने जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित भएको छैन । जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित हुनुपर्दछ ।<br>• जिन्सी निरीक्षण भएको छ तर उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको छैनन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• नगरपालिकामा पूँजीगततर्फमात्र रु.२० करोड ९६ लाख ४६ हजार खर्च भएको छ भने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वियन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बजेट पेश तथा पारित-**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७७।३।१९ गते रु. ७२ करोड ८१ लाख ७ हजारको बजेट सभासमक्ष पेश गरेकोमा असार मसान्तभित्रै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ५ | | | **चौमासिक पूँजीगत खर्च-** नगरपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.२० करोड ९६ लाख ४६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ४९ लाख ५१ हजार अर्थात ११.९० प्रतिशत, दोश्रो चौमासिकमा रु.३ करोड ७३ लाख ७९ हजार अर्थात १७.८३ प्रतिशत र तेश्रो चौमासिकमा रु.१५ करोड ७३ लाख १५ हजार अर्थात ७५.०४ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.१३ करोड १२ लाख ८७ हजार अर्थात ६२.६२ प्रतिशत खर्च भएको छ । यसरी असार महिनामा मात्र पूँजीगत खर्चमा चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट ( रु. हजारमा) | खर्च ( रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२५७९ | २७२२३ | ८३.५६ |
| २ | पूर्वाधार विकास | २६१०५६ | १७३३५० | ६६.४० |
| ३ | सामाजिक विकास | २६९१५५ | २१७७८७ | ८०.९२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २११६२ | १२१२१ | ५७.२८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४८७८८ | १३५१६३ | ८०.८४ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकास क्षेत्रमा सबैभन्दा बढी ८३.५६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ५७.२८ प्रतिशत खर्च भएको छ । बजेटको सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>

**रकमान्तर-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रु. १ करोड ९ लाख ५ हजारअर्थात बजेटको १.५० प्रतिशत रकमान्तर भएको छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वियनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

**बजेट तथा कार्यक्रम तर्जुमा समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार नगरपालिकाले समिति गठन गरेको छैन । नगरपालिकाले उक्त समिति गठन गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कर्मचारी कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा गतवर्षसम्मको रु.४८४४०४ मौज्दात रहेकोमा यस वर्ष कोषमा रु.२५१०१५८।– एकमुष्ट ट्रान्सफर गरी रु.२९९४५६२।- मौज्दात रहेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। पालिकाले ऐनको व्यवस्था अनुरुप रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नुपर्दछ । कल्याण कोषमा ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट रकम कट्टा गरी सो बराबरको रकम नगरपालिकाले जम्मा गर्नुपर्दछ । | |
| १० | | | **नगर प्रोफाइल-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको छ । नगरपालिकाले बजेट तर्जुमादेखी योजनाहरु सञ्चालन गर्दा नगर प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्ने देखिन्छ । | |
| ११ | | | **तलवी प्रतिवेदन-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.२ करोड २६ लाख १३ हजार तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १२ | | | **प्रगति प्रतिवेदन-**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । पालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासीव देखिएन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ । | |
| १३ | | | **दरवन्दी र पदपूर्ति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११३ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका १४ सहित २० पद रिक्त रहेको छ । रिक्त जनशक्तिमध्ये ५ पदमा करारबाट पुर्ति गरिएको छ । रिक्त जनशक्ति पदपुर्ति गर्नेतर्फ नगरपालिकाले पहल गर्नुपर्दछ । | |
| १४ | | | **खरिद व्यवस्थापन-** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **क) कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>**ख)म्याद थप-**<br>सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| १४.२ | | | **क) गुणस्तर परिक्षण-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अतः गुणस्तर परिक्षण बेगरको निर्माणकार्य गुणस्तरीय छ भन्न सक्ने अवस्था रहेन। अतः नियमानुसार नर्माण सामाग्रीको गुणस्तर परिक्षण गराउनु पर्दछ ।<br>**ख)वीमा** -<br>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | | | **बिल भरपाई**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(४) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनुपर्ने, नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट काम सम्पन्न गरेको भनि पेश गरेका बिल भर्पाईउक्त नियमको प्रकृया पुरा गरेको भन्ने आधारमा भुक्तानी दिइको जनाए पनि केही उपभोक्ता समितिले सम्झौता हुनु अगावैका तथा निर्माण कार्यामा नै उपयोग भएका हुन भनि एकिन गर्न नसकिने ईन्धन तथा अन्य सामाग्री खरिदका बिल भर्पाई प्रमाणित नगरी तथा निर्माण क्रम र निर्माण सम्पन्न भएको देखिने फोटोहरु पेश नगरेको अबस्थामा पनि सबै प्रकृया पुराभए सरहको मानि भुक्तानी दिएको छ । सबै कार्यको यथेष्ट प्रमाण लिएरमात्र भुक्तानीदिने व्यबस्था हुनु पर्दछ । | |
| १४.४ | | | **क)समयावधि र कार्यतालिका** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि अधिकाश ठेक्कामा कार्य सम्पन्न गर्नुपर्ने समय तालिका पेश गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गरी सम्झौताको शुरुमा तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।<br>**ख) सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ । | |
| १५ | | | **शैक्षिक अनुदान-**<br>शैक्षिक गुणस्तरः सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनोट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि नगरपालिकाको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सार्वजनिक सम्पतिको संरक्षण-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| १७ | | | **सफ्टवेयर**-<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । राजश्व , योजना तथा वडा सिफारिस सफ्टवेयर, दर्ता चलानी सफ्टवेयर, पेरोल सफ्टवेयर, अपाङ्गता परिचयपत्र डिजिटाइजेशन सफ्टवेयर खरिद तथा प्रयोग गरेकोमा यस्ता सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो पाइएन । पालिकाले यस्ता महत्वपूर्ण सफ्टवेयर खरिद गर्दा सुरक्षा, भण्डारण र व्याकअप भरपर्दो र व्यवस्थित भएको सफ्टवेयर खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । स्थानीय तहले विभिन्न सफ्टवेयरको खरिदमा रु.८४८१९६।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| १८ | | | **पदाधिकारी सुविधा-**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. १ करोड ५२ हजार सुविधा वापत भुक्तानी भएको छ । | |
| १९ | | | **आर्थिक सहायता-**<br>**आर्थिक सहायताः**<br>अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.१२२२०००।– नगद बाँडेको देखियो । नगरपालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि बनाई बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु. | १,२२२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कानून निर्माण**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म नगरपालिकाले ७ ऐन, ३ नियमावली, १४ कार्यविधि, ३ निर्देशिकासमेत गरी ३० कानून बनाएको छ । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्वास्थ्य, स्थानीय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। | |
| २१ | | | **न्यायीक समिति**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको ४ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष ११ मुद्दा दर्ता भएकोमा २ मुद्दा फछ्र्यौट भएका छन भने १३ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सेवा प्रवाह-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐन कानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ११४० |
| मृत्युदर्ता | ३७५ |
| बसाईसराई दर्ता | ११६८ |
| विवाह दर्ता | ६९२ |
| सम्बन्धविच्छेद दर्ता | ६ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ४.३कि मि |
| कालोपत्रे सडक मर्मत | ०.५ कि मि |
| ग्राभेल सडक निर्माण | ४२ कि मि |
| ग्राभेल सडक मर्मत | ३०कि मि |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **योजना छनौट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको ७२ योजनामध्ये रु. ५ लाखभन्दा घटीका योजना ३८, रु.५लाखदेखि रु.१० लाखसम्म १४ योजना तथा रु.१० लाखभन्दा बढीका २० योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| २४ | | | **शैक्षिक अनुगमन**- | |
| २४.१ | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा ३१ वटा विद्यालयहरु रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन ।नियममा भएको व्यवस्थाको पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| २४.२ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार विद्यालयमा कार्यरत बालविकासका कर्मचारी र विद्यालयका कर्मचारीलाई तलब तथा विद्यालयमा अध्ययनरत छात्रछात्रालाई छात्रबृत्ति बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले पालिकाको नगर शिक्षा समितिको निर्णयबाट बाल विकासका कर्मचारी तथा विद्यालयका कर्मचारीहरुलाई मासिक १५००। का दरले बार्षिक रु.९९४५००। र छात्रबृति वापत रु.८०००००। गरी बार्षिक रु.१७९४५००। अनुदान खर्च लेखेको छ । नगरपालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी विगत देखि अनुदान वितरण गरेको भनि खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि नगरपालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा कार्यविधि तयार गरी विद्यालयहरुको संगठन संरचना बनाएर मात्र खर्च गर्नुपर्ने देखिन्छ । | |
| २४.३ | | | नगरपालिकाको बार्षिक कार्यक्रम अन्तरगत देहायका नगर स्तरिय नमुना विद्यालय मावि तहमा जनज्योति माविलाई रु.१५ लाख तथा आ.वि तहको दुर्गा आधारभुत विद्यालयलाई रु.५ लाख रकम निकासा गरेकोमा देखियो । नगरपालिकाले दिएको अनुदान कुन शीर्षकमा खर्च गर्ने भन्ने कुनै कार्यविधि तयार नगरी नगर शिक्षा समितिको निर्णयबाट कार्यविधि तथा मापदण्ड वेगर बजेट खर्च लेख्ने गरेको पाईयो । यस्तो कार्यमा नगर पालिकाले कार्यविधि बनाएर खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २४.४ | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ज मा स्थानीय तहलाई सामुदायिक विद्यालयको सञ्चालन तथा व्यवस्थापनको सिमा अनुसार सामुदायिक विद्यालयमा स्थानिय तहले शिक्षक नियुक्ति गर्न पाउने व्यवस्था गरेको देखिदैन । नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार,विद्यालय मिलान तथा सञ्चालन सम्बन्धि कुनै पनि कार्यविधि तयार नगरी नगर स्वयम सेवक शिक्षकलाई समानिकरण अनुदानबाट खर्च लेखेको देखियो । सामुदायिक विद्यालयमा संघ शसर्त अनुदानमा स्थाई, राहत तथा अनुदानका शिक्षकलाई रकम निकासा भए पनि नगरपालिकाले छुट्टै नगर स्वयम सेवक शिक्षक राखि यो बर्ष रु.१२३९०००। र विद्यालय शैक्षिक सुधार कार्यक्रममा रु.१०१५०००। गरी रु.२२५४०००। खर्च लेखेको देखियो । नगरपालिकाले कार्यविधि तयार नगरी विद्यालयलाई अनुदान दिएकोमा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | | २४०७११७० |

**पेश्की-**

**क)** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।

**ख)** उपभोक्ता समितिहरुमार्फत कार्यान्वयनमा ल्याइएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षमाभित्र फछ्र्यौट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिएको देखिन्छ।

**ख) पेश्की फछ्र्यौटः**

पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.१४३५००००।– म्यादभित्रै र म्याद नाघेको पेश्की रु. २४०७११७०।-समयमा फर्छयौट गर्नु गराउनु पर्ने देखिएको रु.

| सि.नं. | नाम | पान नं. | रकम |
|---|---|---|---|
| | म्याद ननाघेको पेश्की | | |
| १ | मालिका निर्माण सेवा प्रा.लि. | | ३६९००० |
| २ | मालिका निर्माण सेवा प्रा.लि. | | ६६९००० |
| ३ | गणेश निर्माण सेवा | | ४६७००० |
| ४ | न्यू कालिका निर्माण सेवा | | ५४०००० |
| ५ | बाबा हुनैनाथ दार्चुला कन्स्ट्रक्सन | | ६६८५०० |
| ६ | बाबा हुनैनाथ दार्चुला कन्स्ट्रक्सन | | ६६८५०० |
| ७ | कुमार/ अमृत जे.भि. | | ४०२२००० |
| ८ | कुमार/ अमृत जे.भि. | | ४०२२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | वि.पि. निर्माण सेवा | | ६७४००० | | |
| | | | | १० | वि.पि. निर्माण सेवा | | १४७५००० | | |
| | | | | ११ | नवदुर्गा मालिका निर्माण सेवा | | ६३८००० | | |
| | | | | १२ | नवदुर्गा मालिका निर्माण सेवा | | १३७००० | | |
| | | | | | जम्मा | | १४३५०००० | | |
| | | | | | म्याद नाघेको पेश्की | | | | |
| | | | | १३ | सम्झौता बहुद्देश्यीय सहकारी संस्था लि. | | ८७१७० | | |
| | | | | १४ | हरिदास चौधरी | | १५०००० | | |
| | | | | १५ | विष्णु जैसी | | १३४००० | | |
| | | | | १६ | श्री जनज्योति माध्यमिक विद्यालय | | ३६००००० | | |
| | | | | १७ | श्री लक्ष्मी माध्यमिक विद्यालय | | १८००००० | | |
| | | | | १८ | श्री सिद्धेश्वरी माध्यमिक विद्यालय | | १८००००० | | |
| | | | | १९ | श्री सिद्धेश्वरी माध्यमिक विद्यालय | | १५००००० | | |
| | | | | २० | श्री जन नमुना आधार विद्यालय | | १८४६००० | | |
| | | | | २१ | श्री जन नमुना आधार विद्यालय | | ३५९९००० | | |
| | | | | २२ | श्री जन नमुना आधार विद्यालय | | ९५५५००० | | |
| | | | | | जम्मा | | २४०७११७० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २६ | ३२२ | २०७८-३-२६ | **बढी भुक्तानी**-<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत त्रिभुवन माविलाई २ कोठे विद्यालय भवन निर्माणको रु.१९२६६९३। लागत अनुमान तयार गरी कार्यालयबाट रु.१८ लाख अर्थात ९३.३२ प्रतिशत व्यहोर्ने र रु.१२६६९३। अर्थात ६.६८ प्रतिशत व्यहोर्ने गरी विद्यालय भवन निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो । उपभोक्ताले काम सम्पन्न गरी विल भर्पाई तथा कार्य मूल्याङ्कन नापी किताव र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१९०००३५.४४ को कार्य सम्पन्न गरेकोमा सम्झौता अनुसार रु.१७७६५३३.१४ भुक्तानी गर्नुपर्नेमा रु.१८०००००। भुक्तानी रु.२३४६०। बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | २३,४६० |
| २७ | | | **कोभिड कोष**- | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।
<table>
<tr><th>आम्दानीको विवरण</th><th>रकम</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको मौज्दात</td><td>९०५४३८</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>संघीय सरकार</td><td>१५०००००</td><td>क्वारेण्टिन व्यवस्थापन</td><td>१२२०९६८</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>५०००००</td><td>आइसोलेसन व्यवस्थापन</td><td>२०३०४४४</td></tr>
<tr><td>आन्तरिक स्रोत</td><td>२०३१५११७</td><td>जोखिम भत्ता</td><td>३२८४२७३</td></tr>
<tr><td></td><td></td><td>औषधी एवं स्वास्थ्य सामग्री</td><td>६१६१२९९</td></tr>
<tr><td></td><td></td><td>अन्य</td><td>९९९८०२</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>८७२३७७०</td></tr>
<tr><td>जम्मा</td><td>२३२२०५५५</td><td>जम्मा</td><td>२३२२०५५५</td></tr>
</table>
औषधी तथा स्वास्थ्य सामग्रीसमेत गरी रु.६१६१२९९।- को खरिद गर्दा कार्यालयले पटक पटक सोझै विधिबाट खरिद व्यवस्थापन गरेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने प्रणाली लागु गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>घटी जिम्मेवारी सारेकोः<br>स्थानीय तहको प्रकोप व्यवस्थापन कोषमा गतविगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा कोषमा रु.१२०५५८१।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९०५४३८।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३००१४३।- घटी जिम्मेवारी सारेको देखिएको छ । सो सम्बन्धमा हिसाव अद्यावधिक गर्नुपर्ने रु.</td><td>३००,१४३</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कोभिड कोष-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.१ | | | **जिन्सी** - यस नगरपालिकाबाट कोभिड १९ परीक्षण गरिएका १८३८ जनामध्ये शहरी आवास भवन कुण्डामा क्वारेण्टिन बस्ने ४०१ जना, नगरपालिकाको भवन र शहरी आवास भवन कुण्डामा आइसोलेशनमा बस्ने २४२ जना कोभिड अस्पताल कुण्डामा उपचार गराएका ५३ जना होम आइसोलेशन व्यवस्थापन, औषधी, स्वास्थ्य सामग्री र उपकरण व्यवस्थापन,स्वास्थ्यकर्मीको तलवभत्ता लगायतमा उल्लेखित रु. १ करोड ४४ लाख ९७ हजार रुपैया खर्च भएको देखिन्छ । तापनि औषधी एवं स्वास्थ्य सामग्रीमा रु.६९ लाख ६१ हजार रुपैया खर्च गरी अधिकांश औषधी स्वास्थ्य सामग्री तथा उपकरणहरु कोभिड अस्पताल कुण्डामा निकासी गरीएकोमा त्यहाँबाट जिन्सी दाखिला गरेको प्रमाण लिएको देखिएन । अतः यस्ता जिन्सी सामानको उपयोग र संरक्षणको उचित व्यवस्थापन गरिनुपर्दछ । | |
| २८.२ | | | **बजेट खर्च फरक परेको**- कोभिड कोषको आयव्यय विवरणमा बजेट खर्च रु.१४४९६७८५।- र बैंक नगदी कितावमा रु.१४५३९४५४।- बजेट खर्च लेखाङ्कन गरेबाट फरक परेको रकम रु.४२६६८।- सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु | ४२,६६८ |
| २८.३ | | | **आम्दानी नजनाएको**- कोभिड कोषको आय व्यय विवरणमा देखाइको गत वर्षको मौज्दात अ.ल्या. रु.६५६६६७।- यो वर्ष संघीय सरकार सुदुरपश्चिम प्रदेश सरकार एवं बेलौरी नगरपालिकाको आन्तारिक स्रोतबाट प्राप्त रकम रु.२२५६३८८८।- समेत कुल रु.२३२२०५५५।- बैङ्क नगदी कितावमा आम्दानी नजनाएको कारण हिसाव भिडान गर्ने आधार नभएकोले आम्दानी यकिन गर्ने स्थिति रहेन । अतः आम्दानी रकमकव हिसाव ठिक दुरुस्तसँग लेखाङ्कन गरी अरु बढी विश्वस्नीय एवं पारदर्शी बनाउन आम्दानी अद्यावधिक गर्नुपर्दछ । | |
| २९ | ० | | **स्यानीटरी प्याड**-<br>सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड ५८७०० थान दुई पटक सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रति थान रु. ५६।९५ (मु अ कर बाहेक) को लागत अनुमान गरी एक पटक ३५००० थान प्रति थान रु.४९।५० र दोस्रो पटक २३७०० थान प्रति थान रु. ४९। का दरले बी आर सर्जिकल एण्ड फर्मा प्रा लि बाट कुल रु.३२,६९,९९४।(मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ । यसै जिल्लामा रहेको एक स्थानीय तहले सोही प्रयोजनका लागि खरिद गरेको स्यानिटरी प्याडको प्रति थान रु.४८।(मु अ कर समेत) को लागत अनुमान तयार गरी खरिद कार्य गरेको देखिएकोले यस कार्यालयले गरेको खरिद कार्य मितव्ययी भएको पाइएन ।<br>स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | ० | | **ठेक्का नं BELMUN/NCB/W/077/78-07**<br>लागत अनुमान रु.८,६७,१२,०४४।६६ भएको यस नगरपालिकामा रिङ्ग रोड बनाउने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा प्राप्त १० थान इ बिडिङ्गमध्ये सबै भन्दा घटी कवोल गर्ने कुमार/ अमृत जे भी सँग ठेक्का सम्झौताको १५ महिना अर्थात २०७९ भदौ ८ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।२।९ मा ठेक्का सम्झौता गरेको देखिन्छ । निर्माण व्यबसायीले २०७९ बैसाख २२ सम्म बहाल रहने रु.८०,४५,४५,०००। को पेश्की बैक ग्यारेन्टी पेश गरेको आधारमा रु.८०,४४,०००। मोबिलाईजेसन पेश्की लगेको छ । उक्त निर्माण व्यबसायीले काम सुरु गरेदेखि त्रुटी सुधार गर्ने अवधिसम्म बहाल रहने काम, कामदार र औजार सहितको बीमा गरेको अर्थात २०७८ जेठ१० देखि २०८० भदौ ७ सम्म बहाल रहने वीमाका कागजात पेश गर्नु पर्नेमा, कामको २०७८ जेठ ९ देखि २०७९ भदौ ८ सम्म र कामदारको २०७९ जेठ २० देखि २०७९ कार्तिक १६ सम्ममात्र बहाल रहने वीमा गरेको प्रमाण पेश गरेको आधारमा काम गरेको छ । सम्झौता अनुसार बिमा गरेको नदेखिएकोले निर्माण अबधिमा कुनै भवितव्य परेमा बिमाबाट क्षतिपूर्ति लिन कठिनाई हुने हुँदा तोकिए अनुसारको वीमाका प्रमाण कागजात लिएरमात्र शुरु गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ३१ | | | **वडा कार्यालय भवन**-<br>यस नगरपालिका कार्यालयले निम्न अनुसार वडा कार्यालय भवन निर्माणका लागि बोलपत्रको माध्यमबाट ठेक्का सम्झौता गरी निर्माण कार्य गराइ रहेको छ । | |

(रकम रु हजारमा मु अ कर समेत)

| कामको बिबरण | ठेक्का नं | लागत अनुमान रु. | ठेक्का रकम रु. | सम्झौता मिति | काम सम्पन्न गर्ने मिति | निर्माण व्यबसायी |
|---|---|---|---|---|---|---|
| वडा नं ९ को कार्यालय भवन | ०७७।७८-३ | १,१८,२९ | ७३,५९ | ०७७।९।१३ | ०७८।११।३० | नभदुर्गा मालिका निर्माण सेवा |
| वडा नं ५ को कार्यालय भवन | ०७७।७८-४ | १,१८,२९ | ७३,५९ | ०७७।९।१३ | ०७८।११।३० | नभदुर्गा मालिका निर्माण सेवा |
| वडा नं १ को कार्यालय भवन | ०७७।७८-१ | १,१६,५५ | ७४,५९ | ०७७।८।१७ | ०७८।१०।२७ | जी के कन्स्ट्रक्सन |
| वडा नं ३ को कार्यालय भवन | ०७७।७८-२ | १,१६,५५ | ७६,९३ | ०७७।८।१७ | ०७८।१०।२७ | मालिका निर्माण सेवा |

उक्त निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

**क )**भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले उक्त स्थानमा घर बनाउने जग्गाको व्यबस्थापन नै नगरी यस कार्यलयको नाममा दर्ता नै नभएको सार्बजनिक जग्गामा भवन बनाउने सम्झौता गरी निर्माण कार्य गराइरहेको पाइयो । यस्ता कार्य प्रचलित कानून विपरित हुने हुँदा कानूनी प्रकृया पुरा गरी नगरपालिकाको स्वामित्व भएको जग्गामा मात्र कार्यालय भवन बनाउने व्यबस्था हुनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

**ख )** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । स्थलगत अबलोकनमा जाँदा ५ नं वडा कार्यालय र ३ नं वडा भबन निमार्णाधिन स्थानमा उपरोक्त अनुसार सुचना राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।

उक्त स्थानको कार्यालयका प्राबिधिक तथा लेखा प्रमुखसहित लेखापरीक्षण टोलीले २०७८ पुष १९ मा स्थलगत अबलोकनमा जाँदा वडा नं ५ को कार्यालय प्रयोजनलाई बन्दै गरेको भवनको जग खन्ने काम समेन्न गरी पिलर राख्ने काम गर्दै रहेको देखियो । भवन निर्माणको काम निरन्तर काम जारी राखेमा पनि तोकिएको समयमा काम सम्पन्न हुनसक्ने सम्भावना न्यून देखिएकोले कार्यालयले आवश्यक कारवाही दुबै काम समयमै सम्पन्न गर्न गराउन ध्यान दिनु पर्ने देखिन्छ ।त्यस्तै वडा नं ३ को कार्यालय भवन प्रयोजनका लागि बन्दै गरेको भवन निर्माणको काम सम्पन्न हुने चरणमा पुगेको देखिए पनि बनेका स्ट्रक्चरका आधारमा भबन भुँई तलाकोमात्र नभई थप बजेट तथा कार्यक्रम भएको अबस्थामा तला थप्न सकिने भए पनि माथी तलामा भर्याङ्गको स्ट्रक्चर थप गर्न नमिल्ने वा भर्याङ्गमात्र छोपिने गरी तयार गरेको ढलान फोरेको अबस्थामा मात्र थप गरिन सक्ने तल्लामा भर्याङ्ग प्रयोग गर्न मिल्ने देखिएकोले यस प्रकारबाट निर्माण गर्ने कार्य मनासिब देखिएन । यस्तो प्रकारले निर्माण गर्ने कार्यमा सुधार हुनु पर्दछ ।

**ग)**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था छ । यस कार्यलयले केही ठेक्कामा गुणस्तर परीक्षणका लागि बी ओ क्युको पी एस आइटमबाट गुणस्तर परीक्षणका लागि भुक्तानी दिने व्यबस्था गरेको देखिन्छ भने केहीमा पी एस आइटममा नराखे पनि ठेक्का सम्झौताको जनरल कन्डीसन अझ कन्ट्याक्ट्रमा कार्यालयले गुणस्तर परिक्षण गराउन सक्ने व्यबस्था गरेको भए पनि कुनै पनि ठेक्कामा गुणस्तर परीक्षण गरी प्रमाण लिएको देखिएन । भबन निर्माण कार्यमा लागत अनुमानमा करिब ४० प्रतिशत घटेर ठेक्कापट्टा हुने र गुणस्तर परीक्षण नगराउनुले निर्माण गरिएका भबन कार्यालयले अपेक्षा गरे अनुसारको गुणस्तरमा निर्माण भएका छन भन्ने अबस्था छैन । तसर्थ निर्माण गरिएका कार्यको निर्माण चरणमा निरन्तर अनिवार्यरुपमा गुणस्तर परीक्षण गर्ने गराउने व्यबस्था हुनु पर्दछ ।

कार्यालयले ठेक्का सम्झौता गर्दा निर्माण व्यबसायीलाई मोबिलाईजेसन पेश्की उपलब्ध गराउन सक्ने शर्त राखेको आधारमा व्यबसायीले बैक ग्यारेन्टी सहित पेश्की माग गरेमा मोबिलाईजेस पेश्की उपलब्ध गराउने गरेको देखिन्छ ।तर पेश्की दिँदा पेश गरेको बैक ग्यारेन्टी शर्त रहितको हुनु पर्दछ । लेखापरीक्षण गरिएका केही ठेक्काको पेश्की अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>ठेक्का नं</th><th>कुल दिएको पेश्की (रु. हजारमा)</th><th>फर्स्यौट हुन बाँकी (रु. हजारमा)</th><th>बैक ग्यारेन्टी बहाल रहने अवधि</th><th>ग्यारेन्टीको अबस्था</th></tr>
<tr><td>०७७।७८-३</td><td>१२,७५</td><td>२,७५</td><td>सकिएको</td><td>शर्त सहितको</td></tr>
<tr><td>०७७।७८-४</td><td>१२,७५</td><td>१२,७५</td><td>११ जनवरी २०२२</td><td>शर्त सहितको</td></tr>
<tr><td>०७७।७८-१</td><td>पेश्की नदिएको</td><td></td><td></td><td></td></tr>
<tr><td>०७७।७८-२</td><td>१३,२९</td><td>७,३८</td><td>सकिएको</td><td>शर्त नभएको</td></tr>
</table>

उक्त ठेक्कामध्ये दुई ठेक्कामा शर्त सहितको बैक ग्यारेन्टी लिएर पेश्की दिएको देखिन्छ भने दुई ठेक्काको पेश्की लिन पेश गरेको बैक ग्यारेन्टीको म्याद सकिए पनि पेश्की फर्स्यौट हुन बाँकी नै रहेको देखिन्छ ।

</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>ताल तलैया ठेक्का-</td><td></td></tr>
</table>

३२.१

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयबाट प्राप्त बिबरण अनुसार बेलौरी नगरपालिका क्षेत्र भित्र निम्न अनुसारका ताल तलैया र प्राकृतिक पोखरी रहेको उल्लेख छ । | |

| क्र.सं. | तालको नाम | स्थान | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| १ | बन्दा ताल | वार्ड नं. ३ र १ | २१ |
| २ | बन्तरिया ताल | वार्ड नं. ५ | ६ |
| ३ | कुईरे ताल | वार्ड नं. २ | नखुल्ने |
| ४ | गोनगोरैया ताल | वार्ड नं. ३ | नखुल्ने |
| ५ | काँक्री ताल | वार्ड नं. १ | १५.४ |
| ६ | पुरैना ताल | वार्ड नं. ६ | २३ |
| ७ | सोभा ताल | वार्ड नं. ५ | २५ |
| ८ | लामा ताल | वार्ड नं. ५ | नखुल्ने |
| ९ | सिक्रिकुण्डा | वार्ड नं. १० | २७.०९ |
| १० | पर्सा ताल | वार्ड नं. ६ | ०.०१०१बर्ग कि.मि. |
| ११ | पिपरतला ताल | वार्ड नं. ६ | 0.0१६ बर्ग कि.मि. |
| १२ | जमुनिया ताल | वार्ड नं. ६ | 0.0३६ बर्ग कि.मि. |
| १३ | सिंहपुर ताल | वार्ड नं. ७ | नखुल्ने |
| १४ | लाम ताल | वार्ड नं. ७ | नखुल्ने |
| १५ | सानो बन्दा ताल | वार्ड नं. १ | नखुल्ने |
| १६ | कुईरे ताल | वार्ड नं. २ | लगभग २.५ विघा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १७ | गोन गोरैथा ताल | वार्ड नं. ९ | लगभग १० विघा |
| १८ | जब्दा सिमसार क्षेत्र | वार्ड नं. ८ | ६० हेक्टर |

उक्त तालहरुमध्ये निम्न तालहरुमात्र आय आर्जन गर्न प्रयोजनका लागि ठेक्कामा लगाएको उल्लेख छ ।

| क्र.स. | तालको नाम | व्यबसायीको नाम | सम्झौता अनुसार अशुल हुनुपर्ने रकम | अशुल भएको रकम | अशुल रकमको दाखिला गर्न बाँकी मु अ कर | सम्झौता अनुसार अशुल गर्न बाँकी रकम | पोखरीको क्षेत्रफल हेक्टरमा |
|---|---|---|---|---|---|---|---|
| 1. | बन्तरिया ताल वडा नं ५ | श्री सागर बिष्ट | ३,९६,६३०। | ३,९६,६३०। | ४५,६३०।ले प क्रममा अशुल | ० | ६ |
| 2. | बन्दा ताल वडा नं १ र ३ | श्री मनोज कुमार बिष्ट | ६०,००,५००। | ६,००,०५०। | ७८,००६।५० | ५४,००,४५०। | 21 |
| 3. | पुरैना ताल वडा नं ६ | श्री सिद्धेश्वर कृषि संस्था लि | १,८५,३२०। | १,८५,३२०। | २१,३२०।ले प क्रममा अशुल | ० | २३ |

यस पालिका अर्न्तगत बिभिन्न १८ तालहरु रहेको उल्लेख गरे पनि सबै तालहरु माछापालन व्यबसायका लागि ठेक्का पट्टामा लगाई आय आर्जन गर्न प्रयाश गर्नु पर्नेमा उल्लेखित तीन तालहरुमात्र आय आर्जनमा लगाएको छ ।अन्य तालहरु आय आर्जनमा लगाउन नसकिने वा नपर्ने भए कारण खुलाउनु पर्नेमा सो नभएकोले सबै तालहरु प्रतिस्पर्धाको माध्यमबाट ठेक्कापट्टाको व्यबस्थापन गरी नगरपालिकाको आय आर्जनमा लगाउनु पर्दछ ।

क्र सं १ र २ मा उल्लिखित ताल सार्बजनिक सूचना प्रकाशन गरी बढाबढको माध्यमबाट ठेक्कापट्टा लगाए पनि क्र सं ३ मा उल्लेखित पुरैना तलाका लागि प्रतिस्पर्धा बेगर २०६८।२।२६ देखि नै पटक पटक सामान्यरुपमा सम्झौता रकममा केही रकम थप गर्दै एउटै संस्थालाई नविकरणको नाममा स्पष्ट कारण र आधार प्रमाण बेगर २०७९ असारसम्मका लागि काम दिनु मनासिब देखिएन । यस्तो प्रकृयबाट ठेक्का लगाउँदा नगरपालिकालाई हुने प्रतिस्पर्धाको लाभ नपाएको अबस्था छ । यसमा सुधार हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | क्र सं २ मा उल्लेखित बन्दा तालका लागि ०७३।७४ देखि ०७७।७८ सम्म कुल ५ बर्षका लागि पहिलो किश्ता सम्झौता हुनु अगाबै र त्यस पछि प्रत्येक ६-६ महिनामा प्रति किश्ता रु.६,००,०५०। का दर्ले कुल रु.६०,००,५००। बुझाउनु पर्नेमा पर्नेमा रु. ६,००,०५०।मात्र बुझाएकोले अझै रु.५४,००,४५०। बुझाउन बाँकी रहेको देखिन्छ ।बुझाउन बाँकी रकमलाई कार्यालयले तयार गरेको वित्तीय विबरणमा अशुल गर्न बाँकी भनि देखाएको पनि छैन ।उल्लेखित व्यबस्था अनुसार सम्झौता रकममा प्रचलित कानून अनुसार मु अ कर समेत अशुल गर्नु पर्ने र व्यबसायीसँगको सम्झौतामा पनि व्यबसायीले नै कर बुझाउनु पर्ने गरी सम्झौता भएकोले मु अ कर समेत रु.६७,८०,५६५। मा समयमा राजश्व दाखिला नगरेबापत सुद समेत गणना गरी बाँकी रकम अशुल गर्नुपर्दछ ।<br><br>उक्त व्यबसायीसँगको सम्झौता अनुसार पोखरीबाट उत्पादित माछा नगरपालिकाबाट प्रमाणित नगदी रसिदमात्र प्रयोग गरी बिक्री गरिने भनि उल्लेख गरे पनि नगरपालिकाबाट कुनै रसिद प्रमाणित गरेको अभिलेख रहेको पाइएन । सम्झौताको अबधि २०७८ असारमा सकिए पनि पुःन ठेक्कापट्टाको कारबाही सुरु गरेको पाइएन । सम्झौता अनुसारको रकम समयमै आबश्यक कारबाही गरी अशुल गर्न कुनै कारबाही नगर्नु र सम्झौताको अवधि सकिए पछि पुःन ठेक्कापट्टा लगाउनेतर्फ नगरपालिकाबाट कुनै कारबाही नचलाउनु बिचारणिय यस्ता कार्यमा तत्काल सुधार हुनु पर्दछ । | ६,१८०,५१५ |
| ३३ | | | **परामर्श सेवा-**<br>पालिकाको कार्यालयले यस आर्थिक बर्षमा निम्न कार्यका लागि कार्यलयमा सूचिकृत परामर्शदाता फर्मबाट प्राबिधिक तथा आर्थिक प्रस्ताब माग गरी आर्थिक तथा प्राबिधिक प्रस्ताबमा उच्च अंक पाएको फर्मसँग सम्झौता गरी परामर्शको काम सम्पन्न भएको जनाएको छ ।<br><br>(रकम रु. हजारमा मु अ कर समेत)<br>क्र.सं. \| डी पी गर्ने कामको विबरण \| परामर्शदाता \| लागत अनुमान \| सम्झौता र भुक्तानी रकम<br>१ \| १५ बेडको अस्पताल बनाउने \| Mappers Nepal Pvt Ltd,Kathmandu \| ९९८ \| ९९३<br><br>उक्त परामर्श खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाहय परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण परामर्श सेवा खरिद कार्यमा पालिकालाई रु. ९ लाख ९३ हजार थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>
प्रमाण वेगर खर्च-<br>
भुक्तानी गर्दा खर्चको बील भरपाइ लगायतका प्रमाण लिई भुक्तानी गर्नुपर्दछ । निम्नानुसारका कारोवारमा कैफियतमा उल्लेख भएबमोजिमका प्रमाण वेगर भुक्तानी भएकाले कैफियतमा उल्लेख भएबमोजिमको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१८२- ०७८।३।२६</td><td>वागमती जीयो सिस्टम प्रा. लि. बाट इक्युपमेन्ट खरिद</td><td>४९८६१२</td><td>कर बीजक, दाखिला प्रतिवेदन र रिसिप्ट पेश नभएको</td></tr>
<tr><td>१८८- ०७८।३।२७</td><td>पी जी इन्जिनियरिङ प्रा लि लाई भुक्तानी</td><td>२४८८८२</td><td>कार्यसम्पन्न, दाखिला प्रतिवेदन नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४७४९४</td><td></td></tr>
</table>
</td><td>७४७,४९४</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
नगरपालिका प्रशासनिक भवन-<br>
निर्माण व्यवसायी उच्चकोटी निर्माण सेवासँग मिति २०७३।१।६ मा सम्पन्न रु.२५२४४३३६।- को ठेक्का सम्झौता बमोजिम स्वीकृत ड्रइङ डिजाइन र स्पेसिफिकेसन मा रही ३ तल्ले भवन बनाउन पर्नेमा स्वीकृत बि. ओ. क्यू. बमोजिमका विभिन्न क्रियाकलापहरुको परिमाणमा केही थपघट गरी २ तल्लाको मात्र नगरपालिका प्रशासकिय भवन निर्माण सम्पन्न भई कार्यसंचालन गर्दै आएको यो वर्ष पुनः निम्नानुसार दुइवटा कम्पनीमार्फत परामर्श सेवा खरिद गरी रु.५९७१९०।- बजेट खर्च लेखेको छ ।
<table>
<tr><th>गो. भौ. नं. र मिति</th><th>परामर्शदाता</th><th>कार्य</th><th>रकम</th></tr>
<tr><td>१८२-०७८।३।२६</td><td>रिधान कन्सल्ट प्रा. लि.</td><td>प्राविधिक मुल्याङ्कन</td><td>४९७२००</td></tr>
<tr><td>१८२-०७८।३।२६</td><td>एक्टिभ इन्जिनियरिङ सोलुसन्स प्रा.लि.</td><td>नन डिस्ट्रक्टिभ टेस्ट</td><td>९९९९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५९७१९०</td></tr>
</table>
यसरी स्वीकृत नक्सामा घटवढ गरी दुइतले मात्र भवन निर्माण गर्नु तथा सम्पन्न घरमा परामर्शदातृ निकायबाट सेवा खरिद गरी उपरोक्तानुसार कामको अतिरिक्त खर्चको पुष्ट्याई र प्रभावकारिता सम्बन्धमा यकिन भए गरेको देखिएन ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
खरिदमा मितव्ययीता-<br>
सार्वजनिक खरिद मितव्ययी तवरले गर्नुपर्दछ । तापनि कार्यालयले निम्नानुसार खरिद कार्यमा एउटै बस्तुलाई फरक फरक दरमा आपुर्ति गरेको पाइएकोले खरिद कार्य मितव्ययी नरहेको देखिन्छ ।
</td><td>४७७,०३४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.नं. र मिति | आपूर्तक | सामान | मु.अ.कर बाहेक दर | थान | रकम |
|---|---|---|---|---|---|
| २०३-०७८।३।२८ | मालिकार्जुन हयुमपाइप एण्ड कंक्रिट उद्योग | ९०० mm NP3 ह्युमपाइप | १७००० | २० | ९६५०२० |
| | | ६०० mm NP3 ह्युमपाइप | ९५०० | ३२ | |
| | | ४५० mm NP3 ह्युमपाइप | ७००० | ३० | |
| २०५-०७८।३।२८ | ए एन टी ट्रेडर्स एण्ड सप्लायर्स | ६०० mm NP3 ह्युमपाइप | १९७५० | १२ | ४९३२४५ |
| | | ४५० mm NP3 ह्युमपाइप | १४२५० | १४ | |
| १७०-०७८।३।२४ | मालिकार्जुन कंक्रिट उद्योग | ९०० mm NP3 ह्युमपाइप | ३३९३०।७५ | १ | ४९६०७० |
| | | ६०० mm NP3 ह्युमपाइप | १९८०३ | ६ | |
| | | ४५० mm NP3 ह्युमपाइप | १४३६९।२५ | २० | |
| ८१-०७८।३।२८ | ग्लोवल ड्रग सप्लायर्स | सर्जिकल ग्लोव | ५० | ७००० | ३७५००० |
| | | सर्जिकल मास्क | ५ | ५००० | |
| ८८-०७८।३।२८ | लोकहित मेडिसिन सप्लायर्स | सर्जिकल ग्लोव | ३८ | ३००० | १८२००० |
| | | सर्जिकल मास्क | ६।८० | १०००० | |

उपरोक्त ५ प्रकारका सामानमा मात्र फरक फरक दरले खरिद गर्दा कार्यलयलाई ९०० एम एम हुयुमपाइप १ थानमा रु.१६९३१।- ६०० एम एम ह्युमपाइप १८ थानमा रु.१८४८१८।- ४५० एम एम ह्युमपाइप ३४ थानमा रु.२४८८८५।- सर्जिकल ग्लोव ७०० सेटमा रु.८४००।- र सर्जिकल मास्क १०००० थानमा रु.१८०००।- समेत कुल रु. ४७७०३४।- थप व्ययभार परेको नियमित नदेखिएको रु.

***कार्यालयको भनाई-*** *उल्लिखित कार्यमा सर्वप्रथम सिलवन्दी दरभाउपत्र मार्फत खरिद कार्य गरिएको तत्पश्चात बचत रहेको रकमको पुनः खरिद कार्य गरिएको कारणले दररेट फरक परेको हो ।*

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **निर्माण कार्यमा पुरस्कार भुक्तानी-**<br>नगरपालिकाको वडा नं. ७ को कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायी लटिनाथ निर्माण सेवासंग रु.६९१४०७८।२० (मु.अ. करबाहेक) मा मिति २०७६।३।३० गते ठेक्का सम्झौता भई सम्पन्न हुने चरणमा रहेकोमा उक्त कार्य मिति २०७७।६।३० भित्र सम्पन्न गर्ने शर्त रहेको पाइयो । भवन निर्माण कार्यको तर्स्रो तथा अन्तिम बिलबमोजिम रु.६४४९५०३।५३ (मु.अ. करबाहेक) बराबरको निर्माण कार्य मिति २०७७।१।२९ गते सम्पन्न भएकोमा एकातिर वडा कार्यालयजस्तो सामान्य भवन निर्माण कार्यको निमित्त १ बर्षभन्दा पनि बढी समय दिई सम्झौता गरिएको छ भने ठेक्का सम्झौता बमोजिम रु.४६४५७५।- (मु.अ. करबाहेक) बराबरको घटी परिमाण/ रकमको काम बेगर भवन निर्माण कार्य सम्पन्न गरेकोमा सो को कुनै प्राविधिक पुष्ट्याईँ भएको पाइएन भने अर्कोतर्फ ठेक्का सम्झौतामा उल्लेखित समयावधिभन्दा १३६ दिन अगावै भवन निर्माण कार्य सम्पन्न भएको भनी सम्झौता रकमको ०।०५ प्रतिशत प्रतिदिनका दरले हुने बोनसवापतको रकम रु.५३१२७७।-(मु.अ. करसहित) निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखियो । लागत अनुमान तयार गर्दा निर्माण गर्न लाग्ने अबधि नखुलाउने तर सम्झौता गर्दा उक्त अंकको कामलाई १५ महिना आबश्यक हो भन्ने कुनै आधार तथा मापदण्ड बेगर निर्माण अबधि राखी सम्झौता गर्ने र तोकिएको समयभन्दा अगाबै काम सकिएको भनि बोनस दिने कार्य नियमित देखिएन । लागत अनुमान भएको कामको प्रकृति अनुसार निर्माण अवधि दिने स्पष्ट आधार सहितको मापदण्ड तयार नगरी ठेक्का सम्झौताको व्यबस्था अनुसार भनि बोनस भुक्तानी दिने मनासीव देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | ५३१,२७७ |
| ३८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर देहाय अनुसारका औषधि सोझै खरिद गरी रु.२७७४६५९। खर्च गरेको छ । खरिद गरेका औषधिको उत्पादन सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्ने गरेको देखिएन । नगरपालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा नियमानुसार बार्षिक खरिद गर्नुपर्ने सामानहरुको योजना तयार गरी एक मुष्ठ खरिद प्रकृया अनुसार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी वितरण गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **ग्रेड बढी भुक्तानी**<br>शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा नगरपालिकाको २०७७ को शिक्षकको पारित तलवि प्रतिवेदन अनुसार शारदा मावि,बेलौरीका शिक्षक देवकी यादवको मासिक ग्रेड ६ पारित भएकोमा ७ ग्रेड भुक्तानी भएकोले सञ्चयकोष थप सहित रु.१२४०८। बढी रकम निकासा दिएकोले बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | १२,४०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **बढी भुक्तानी-**<br>(गो.भौ. नं. ६६- ०७७/९/१७ ) उपभोक्ता समितिलाई सम्झौताबमोजिमको काम गरेको नापी किताबबाट उठेको बिलमा जनश्रमदानको अंश कटाइ भुक्तानी गर्नुपर्दछ । पुरैनातालको डिल निर्माण उपभोक्ता समितिसँग रु.१७१३१४६।- को कार्यको लागि रु.१५०००००।- भुक्तानी हुने गरी सम्झौता भएकोमा रु.११६१३२५।- मा कार्यसम्पन्न गरेकोले रु.१०१६८३६।- भुक्तानी दिनुपर्नेमा रु.१०३२२८८।- भुक्तानी दिएकाले बढी भुक्तानी भएको रु.१५४५२।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | १५,४५२ |
| ४१ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को परिच्छेद ७ र ८ मा बैकिङ्क प्रणाली मार्फत भत्ता बितरण तथा भत्ता बितरण गरे पछि बचेको रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत रु. १०८०६५९६९। भुक्तान गरको छ । सामाजिक सूरक्षा भत्ता प्रदान गर्दा समयमा तथ्याङ्क अध्यावधिक हुने गरेको देखिएन साथै भत्ता वितरण बाँकी रहेको रकम समयमा फिर्ता गर्नुपर्नेमा नगरेकोले समयमै फिर्ता गर्ने तर्फ ध्यान जानुपर्दछ । | |
| ४२ | | | **दोहोरो भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७७ को नियम ३९ अनुसार कुनै पनि सार्वजनिक निकायले खर्च लेख्दा अनिवार्य रुपमा खर्च पुष्ट्याई हुने विल भर्पाई प्रमाणित गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एड सेन्टर नागार्जुन ६ काठमाडौँ तथा पालिका एक्सप्रेस मेडिया नेटवर्क प्रा ली हेटौडाको सक्कल विजक वेगर खर्च लेखी पुन अर्को भौचरमा उक्त विजक नं को सक्कल विल पेश गरी खर्च लेखेकोमा दोहोरो खर्च लेखेको सम्वन्धितबाट असूल गर्नुपर्ने रु | ४५२,९०४ |
| ४३ | | | **मसलन्द तथा कार्यालय सामाग्री**<br>नगरपालिकाले यस आ.व. मा विभिन्न फर्म तथा संस्थाहरुवाट कार्यालय प्रयोजनका लागी विभिन्न समयमा मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद वापत रु ४५ लाख ४६ हजार खर्च लेखेको छ । पालिकामा खरिद गुरुयोजना तथा खरिद योजना नवनाई यस्ता प्रकृतिका कार्यहरु गर्दा कार्यालयले वढी व्ययभार पर्ने हुनाले समयमै यस्ता खर्चलाई व्यवस्थित बनाउन समयमै ध्यान जानुपर्ने देखिन्छ । गाउँपालिकाले यस्ता टुक्रा खरीदलाई व्यवस्थित हुने गरी मसलन्द सामाग्री तथा कार्यालय सामाग्रीको खरिद प्रकृया कानुन वमोजिम हुने गरी व्यवस्थित गर्नुपर्ने तिर कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४४ | | | **अनुत्पादक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७७ को नियम ३९ तथा ४० मा कुनै पनि सार्वजनिक निकायले खर्च लेख्दा उक्त खर्च पुष्टि हुने प्रमाणका साथ खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष वडा नं ५ स्थित शोभाताल संरक्षण समितिलाई तालमा माछाका भूरा हाल्नलाई रु ३०००००। खर्च लेखेको छ । उक्त ताल ठेक्का समेत लागेको देखिदैन उक्त तालवाट नगरपालिकालाई हुन सक्ने आम्दानी समेत गुमेको देखिन्छ । नगरपालिकाले यस्ता ताल तलैया समयमै ठेक्का लगाई आन्तरिक श्रोत बलियो वनाउन तिर ध्यान दिनुपर्दछ । यस्ता परिमाणात्मक उपलब्धि नदेखिने अनुत्पादक खर्च नियमित नदेखिएको रु. | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने, इ हाजिरी अनिवार्य हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यविधि बनाएको छ भने अर्थ मन्त्रालयको स्वीकृती नलिई तथा इ हाजिरी अभिलेख नराखी रु. ९ लाख १३ हना। प्रोत्साहन भत्ता खर्च छ । यस्तो भत्ता खर्च लेख्दा अर्थ मन्त्रालयको स्वीकृती लिई तथा इ हाजिरी अभिलेख राखी सूचकसमेतका आधारमा खर्च लेख्नुपर्दछ । | |
| ४६ | | | **चालु वजेटवाट पूजीगत प्रकृतिका खर्च**<br>कार्यक्रम तथा वजेट सुनिश्चित गरी तोकेको क्रियाकलापहरु मध्ये चालु प्रकृतिका कामको खर्च चालु(कार्य संचालन) वजेटवाट व्यहोर्ने र पुजिगत (विकास निर्माण) प्रकृतिका कामको खर्च पुजिगत (कार्यक्रम) वजेटवाट व्यहोर्ने सर्वमान्य सिद्धान्त विपरित हुने गरी कार्यालयले यो वर्ष विभिन्न मितिमा गरी रु ३७ लाख नगरपालिकाको चालु वजेटवाट खर्च लेखेको छ। यसरी विभिन्न कार्यक्रम र योजनामा विनियोजित वजेट पदाधिकारीहरुको पारिश्रमिक सुविधामा खर्च लेखेवाट योजना संचालनमा प्रभाव परेको छ। अतः जिम्मेवार पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४७ | | | **प्रमाण पेश नभएको**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७६ को नियम ३९ अनुसार कुनै पनि सार्वजनिक निकायले कारोवार गर्दा उक्त कारोवार पुष्टि हुने विल भर्पाई तथा कागजात प्रमाणित गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष वडा नं ७ को वडा स्तरीय कृषक कार्यक्रमका लागि कृषक समन्वय समिति वडा नं ७ संग सम्झौता गरी रु.१०००००।- कार्यक्रम खर्च लेखेको छ । उक्त कार्यक्रमको प्रगति प्रतिवेदन तथा अनुगमन मूल्याङ्कन गर्ने भनी सम्झौतामा उल्लेख भए अनुसार अनुगमन तथा प्रगति प्रतिवेदन पेश नभएको रु | १००,००० |
| ४८ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन २०५८ दफा ८७ वा ८८ अनुसार भुक्तानी गर्दाका वखत भुक्तानी रकममा कर गणना गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न स्थायी कर्मचारीलाई तलवको २५% का दरले प्रोत्साहन वापत खर्च लेखेको छ । उक्त खर्च लेख्दा कट्टा गर्नुपर्ने कर कट्टा नभएकोले सम्वन्धित वाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ३३,१२७ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४८.१ | नेत्र प्रसाद पौडेल | ८,४८० |
| ४८.२ | देव वहादुर चन्द | १२,७१९ |
| ४८.३ | शुशिला लेखक | ११,९२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **राजस्व** | |
| ४९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१२८७७२२९०। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१११३६७७११।९८ अर्थात अनुमान भन्दा १३.५२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४९.२ | | | कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट केही वडामा स्वचालित प्रणालिबाट र केही वडाहरुमा रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने गरेको देखियो । यस्तो प्रकृयाबाट राजस्व असुल गर्नु मनासिव नदेखिएकोले कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| ४९.३ | | | आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत १० वटा वडा पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको नदेखिएकोले ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयबाटै एकिन गरी नियमानुसार जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९.४</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति देहाय अनुसार छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>८००००००</td><td>५८०८५८७</td><td>७२.६१</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३५००००</td><td>२४९८३६</td><td>७१.३८</td></tr>
<tr><td>व्यवसाय कर</td><td>६५००००</td><td>३६२९७५</td><td>५५.८४</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>सरकारी सम्पत्ति बहाल</td><td>११०००००</td><td>२०५२०७</td><td>१८.६५</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>७०००००</td><td>३६९०९२</td><td>५२.७३</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>३००००००</td><td>२४४०३१९</td><td>८१.३४</td></tr>
<tr><td>व्यवसाय बाहेक अन्यबाट प्राप्त</td><td>६५०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य कर राजस्व</td><td>१०६९२२२९०</td><td>१००७७०५७३</td><td>९४.२५</td></tr>
<tr><td>अन्य गैरकर राजस्व</td><td>१००००००</td><td>८७८२८३</td><td>०.८८</td></tr>
<tr><td>जम्मा</td><td>१२८७७२२९०</td><td>१११३६७७११.९८</td><td>८६.४८</td></tr>
</table>
पालिकाको आन्तरिक आयतर्फ भिडान गर्ने म.ले.प.फारम तथा अभिलेख कागजात पनि राखेको पाइएन । अतः कार्यालयले आन्तरिक आय एक एक भिडान गरी आन्तरिक नियन्त्रण प्रणालीलाई अरु बढी विश्वसनीय र पारदर्शी बनाउनेपर्ने देखिन्छ । यसका साथै नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५० | | | **शर्त विपरित खर्च**<br>सशर्त कार्यक्रम अन्तरगत स्थानीय तहमा आलुको उन्नत विउ (५० प्रतिशत अनुदान) कार्यक्रममा कृषकबाट माग नआएको भनि कार्यक्रम सम्शोधन गरी विरुवा खरिद गरी वितरण गरेको देखियो । शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नुपर्नेमा नगरपालिकाको खरिद समितिको निर्णयबाट ५० प्रतिशत अनुदानमा गहुँको उन्नत विउ रु.८९७०००। खरिद गरी वितरण गरेको देखियो । शर्त विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु. | ८९७,००० |
| ५१ | | | **नर्म्स विपरित खर्च**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २ सम्मको लागि एकमुष्ट रु.२०० र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५०० भुक्तानी दिन सकिने उल्लेख छ । यस नगरपालिकाबाट सञ्चालन भएको ३ दिने पोषण सम्बन्धि कार्यक्रममा सहभागि ११७ जनालाई प्रति दिन रु.४०० का दरले रु.१४०४००। रकम भुक्तानी गरेको देखियो । कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको जम्मा रु.८१९००। कार्यक्रम संयोजकलाई जिम्मेवार वनाई असुल हुनुपर्ने रु. | ८१,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **अग्रिम कर कट्टि**<br>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा ,विउविजन खरिद बापत सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा नगरपालिकाबाट भएको भुक्तानी अंशमा मात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानी बाहेक बाँकी रकममा तहाँबाटै एकिन गरी देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु | ९६,३०५ |

| भौ.नं/मिति | संस्थाको नाम | प्रयोजन | विल रकम | करकट्टि हुनुपर्ने रकम | करकट्टी भएको रकम | कर छुट रकम |
|---|---|---|---|---|---|---|
| शसर्त चालु | | | | | | |
| १९४।०७८।२।२१ | सम्झौता बहुउद्देश्यिय सहकारी संस्था लि. | उन्नत धानको विउ ५० प्रतिशत अनुदान | १४६८९०० | २२०३४ | ११०१२ | ११०२२ |
| २१७।०७८।३।७ | सम्झौता बहुउद्देश्यिय सहकारी संस्था लि. | पावर टिलर ५० प्रतिशत अनुदान | ८९०२२० | १३३५३ | ६७४६ | ६६०७ |
| २१८।०७८।३।७ | आरक्ष पिडित निवारक कृषक समूह | कृषि सामाग्रि ५० प्रतिशत अनुदान | ९४८५०० | १४२२८ | ७१७० | ७०५८ |
| २७१।०७८।३।२१ | दिप ज्योति पशुपालन कृषक समूह | बाख्रा वितरण ५० प्रतिशत अनुदान ढुवानी कर समेत | २४४५२९८ | ४१७८० | १८९०८ | २२८७२ |
| ३०२।०७८।३।२३ | कमल आईपियस कृषक पाठशाला | कृषि सामाग्रि ५० प्रतिशत अनुदान | ६२९००० | ९४३५ | ४७५५ | ४६८० |
| नगरपालिका कृषि | | | | | | |
| १५।०७७।८।१२ | गौतम एग्रोभेट | च्याउको विउ खरिद ५० प्रतिशत अनुदान | ४९०००० | ७३५० | ३६७५ | ३६७५ |
| २२।०७७।९।१२ | सम्झौता बहुउद्देश्यिय सहकारी संस्था लि. | आलुको विउ ५० प्रतिशत अनुदान | १७९४००० | २६९१० | १३४५५ | १३४५५ |
| २०।०७७।९।१२ | सम्झौता बहुउद्देश्यिय सहकारी संस्था | गहुँको विउ ५० प्रतिशत अनुदान | ३५९१४४५ | ५३८७२ | २६९३६ | २६९३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लि. | | | | | | |
| | | | जम्मा | | | | | | ९६३०५ | |
| ५३ | | | **दिवा खाजा** कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७।७८ अनुसार स्थानीय तहले दिवाखाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । नगरपालिकाले जम्मा विद्यार्थी संख्याको आधारमा हाजिरि र उपस्थितिको प्रमाण नै एकिन नगरी भुक्तानी गरेको देखियो । नगरपालिकाले बैशाख महिनाको दिवा खाजा भुक्तानी गर्दा पुरै महिनाको रकम भुक्तानी गरेकोमा नेपाल सरकारको मिति २०७८।१।१६ देखि बन्दाबन्दिको घोषणा गरेको अवधिको पनि निकासा गरेकोले सो अवधिको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नु पर्ने रु. | | | | | | | ६२६,६४० |

| सि.नं. | विद्यालयको नाम | विद्यार्थि संख्या | स्कुल चलेको दिन | नचलेको दिन | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी मावि | १३९ | १२ | १४ | १५ | २९१९० |
| २ | सरस्वति प्रावि | ३४ | १२ | १४ | १५ | ७१४० |
| ३ | सरस्वति मावि | ७७ | १२ | १४ | १५ | १६१७० |
| ४ | जन प्रिय प्रावि | ३८ | १२ | १४ | १५ | ७९८० |
| ५ | दुर्गा आवि | २७७ | १२ | १४ | १५ | ५८१७० |
| ६ | जनसेवा प्रावि | ५३ | १२ | १४ | १५ | ११९३० |
| ७ | जन जागृति मावि | १५९ | १२ | १४ | १५ | ३३३९० |
| ८ | विपि प्रावि | ४१ | १२ | १४ | १५ | ८६१० |
| ९ | गौरीशंकर प्रावि | ४३ | १२ | १४ | १५ | ९०३० |
| १० | जनज्योति मावि | १२९ | १२ | १४ | १५ | २७०९० |
| ११ | त्रिभुवन मावि | ९६ | १२ | १४ | १५ | २०१६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | भगवानपुर मावि | २६८ | १२ | १४ | १५ | ५६२८० | | |
| | | | | १३ | शिद्धेश्वरी मावि | १२४ | १२ | १४ | १५ | २६०४० | | |
| | | | | १४ | आधारभूत प्रावि | ६४ | १२ | १४ | १५ | १३४४० | | |
| | | | | १५ | गोरखनाथ मावि | १२६ | १२ | १४ | १५ | २६४६० | | |
| | | | | १६ | कालिका आवि | ११५ | १२ | १४ | १५ | २४१५० | | |
| | | | | १७ | शक्ति प्रावि | ३८ | १२ | १४ | १५ | ७९८० | | |
| | | | | १८ | शिद्ध केदार आवि | ७८ | १२ | १४ | १५ | १६३८० | | |
| | | | | १९ | शुक्लाफाँटा प्रावि | ५४ | १२ | १४ | १५ | ११३४० | | |
| | | | | २० | महाकालि मावि | ६४ | १२ | १४ | १५ | १३४४० | | |
| | | | | २१ | सान्ति मावि | ८८ | १२ | १४ | १५ | १८४८० | | |
| | | | | २२ | कल्याण मावि | १०८ | १२ | १४ | १५ | २२६८० | | |
| | | | | २३ | गणेश मावि | १३९ | १२ | १४ | १५ | २९१९० | | |
| | | | | २४ | शारदा मावि | ५६ | १२ | १४ | १५ | ११७६० | | |
| | | | | २५ | बागेश्वरी आवि | ८१ | १२ | १४ | १५ | १७०१० | | |
| | | | | २६ | दुर्गा प्रावि | ७१ | १२ | १४ | १५ | १४९१० | | |
| | | | | २७ | कृष्ण आवि | ७३ | १२ | १४ | १५ | १५३३० | | |
| | | | | २८ | कृष्ण प्रसाद प्रावि | ५६ | १२ | १४ | १५ | ११७६० | | |
| | | | | २९ | कालेश्वर प्रावि | १२४ | १२ | १४ | १५ | २६०४० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | जननमुना मावि | ११९ | १२ | १४ | १५ | २४९९० |
| ३१ | अग्रसन प्रावि | ५२ | १२ | १४ | १५ | १०९२० |
| जम्मा | | | | | | ६२६६४० |

</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>लघु उद्यम विकास</td><td></td></tr>
<tr><td>५४.१</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रमः गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरणमा रु.४९७०००। खर्च गरेकोमा कुनै पनि लागत सहभागिता नलिई पुरै अनुदानमा वितरण गरेको देखियो । अतः नगरपालिकाबाट यस कार्यक्रमबाट हुने सवै प्रकारका प्रविधि हस्तान्तरणमा विस प्रतिशत सहभागिता गराउने कुरामा ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५४.२</td><td></td><td></td><td>महंगि भत्ताः गरिवि निवारण तथा लघु उद्यम विकास कार्यक्रम अन्तरगत उद्यम विकास सहजकर्ताहरुको करार सम्झौता अनुसार स्थानीय तहको सहायक चौथोको शुरु स्केल बरावरको तलव मात्र भुक्तानी दिने भनि सम्झौता गरेकोमा सम्झौता वेगर कार्यालयले देहायका उद्यम विकास सहजकर्ताहरुलाई मासिक महंगि भत्ता पनि भुक्तानी दिएकोले दिन नमिल्ने रकम निजहरुबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सहजकर्ताको नाम | भुक्तानी भएको रकम |
|---|---|
| भावना रेग्मि | १४००० |
| दिपा रावल | १४००० |
| जम्मा | २८००० |

</td><td>२८,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षणप्रतिवेदनमा औँल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्र्यौट भएको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ ।

| दफा | विवरण | रकम |
|---|---|---|
| ३/०७७/०६/२३ | सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानतबाट निर्माण कार्य गराउने सम्बन्धि | १००००० |

</td><td>३,६१६,५९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | व्यवस्था भए अनुसार एक तह माथिको अधिकारीको पुर्व स्वीकृति लिइ कार्य गर्नु पर्नेमा सो नगरी सडक मर्मत वापत श्याम कुमार रानालाई लागत अनुमान, नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखिएको अनियमित रु. | | |
| | | | | वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिका कार्यहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ मा खरिद सम्बन्धी व्यवस्था भए अनुसार खरिद गर्नुपर्ने हुन्छ।साथै सोही ऐन को दफा मा एकै प्रकृतिका कार्यको टुक्रा गरी खरिद गर्न नपाइने व्यवस्था छ। तर सो अनुसार नगरी पटक पटक टुक्रे खरिद गरिएको छ, न.पा. कार्यालयले नगरसभाबाट पारित गरिएका योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार नगरी नगरसभाबाट पारित नभएका तपसिलका गत आ.व. का टुक्रे योजनाहरुमा एकमुष्ट गत आ.वको भुक्तानी दिन बाँकी योजनाको रकम भनी विनियोजन गरी भुक्तानी गरिएको देखिन्छ । साथै गत विगतका विभिन्न योजनाका रकम विभिन्न व्यक्ति तथा फर्महरुको भुक्तानी दिन बाँकी देखिएमा कस्को, के, कति, कुन योजना/ कार्यक्रमको भुक्तानी दिन बाँकी छ, त्यसको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प. फा. नं२२१) प्रमाणित गरी भुक्तानी गर्नु पर्नेमा सो अनुसार नगरी भुक्तानी गरेको नियम संगत देखिदैन । यस प्रकृतिका नियम संगत नदेखिएका कार्यमा संलग्न सम्बन्धित शाखाका व्यक्तिहरुलाई जिम्मेवार बनाइनु पर्दछ । | ० | |
| | | | २०/०७७/६२९ | नर बहादुर विष्ट रु.92347 | | |
| | | | २२/०७७/७/१ | न्यू उग्रतारा निर्माण सेवा रु.495477 | | |
| | | | २२/०७७/७/१ | विर वेताल निर्माण सेवा रु.478868 | | |
| | | | २५/०७७/७/१ | महाकाली कन्ट्रक्सन कम्पनी रु.491004.21 | | |
| | | | २६/०७७/७/१ | श्री कृस निर्माण सेवा रु.495863.78 | | |
| | | | २७/०७७/७/१ | सहारा कन्ट्रक्सन रु.493256.87 | | |
| | | | २८/०७७/७/१ | ओम मनकामना विल्डर्स रु.395712.44 | | |
| | | | २९/०७७/७/१ | चन्द्रतारा निर्माण सेवा रु.475792.09 | | |
| | | | ३०/०७७/७/१ | उग्रतारा कन्ट्रक्सन एण्ड सप्लायर्स रु.476052 | | |
| | | | ३३/०७७/७/१ | अपि निर्माण सेवा रु.471718 | | |
| | | | ३४/०७७/७/१ | प्रशंसा कन्ट्रक्सन रु.491021 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३५/०७७/७/२ | कलक बहादुर बुढाको घर देखि दिर्घराज जोशीको घर सम्मको अधुरो बाटो ग्राभेल र ह्युम पाइप जडान य.स. रु.311423 | | | |
| | | | ३६/०७७/७/२ | तेजी निर्माण सेवा रु.490453.61 | | | |
| | | | ३७/०७७/७/२ | फस्कु निर्माण सेवा रु.445032 | | | |
| | | | ३८/०७७/७/२ | टेर बिल्डर्स रु.277433 | | | |
| | | | ४०/०७७/७/३ | बासुलिङ्ग कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.रु.342047 | | | |
| | | | ४१/०७७/७/३ | एम एस निर्माण सेवा रु.487712.69 | | | |
| | | | ४२/०७७/७/३ | जे. वि कन्ट्रक्सन रु.471880 | | | |
| | | | ४३/०७७/७/४ | वि.पि. निर्माण सेवा रु.489877.04 | | | |
| | | | ४४/०७७/७/४ | श्री त्रिपुरादेवी मन्दिर शौचालय निर्माण उ.स.रु.97000 | | | |
| | | | ४६/०७७/७/५ | हिक्मत चौधरी रु.85797.22 | | | |
| | | | ४८/०७७/७/१६ | भट्टेघाट देखि भारत बोर्डर सम्मको अधुरो बाटो ग्राभेल र ह्युम पाइप जडान उ.स. रु.211997.84 | | | |
| | | | ४९/०७७/७/१६ | भुराकोट सुरकाल टोलमा बाटो निर्माण योजना रु.89066.46 | | | |
| | | | ५०/०७७/७/१६ | श्री सारदा मा वि घेराबार उ.स.रु.240500.56 | | | |
| | | | ५१/०७७/७/१७ | अमृत कन्ट्रक्सन रु.306892.40 | | | |
| | | | ५६/०७७/७/२६ | बैजनाथ कन्ट्रक्सन रु.499807.48 | | | |
| | | | ५७/०७७/८/३ | मित्र बिल्डर्स प्रा.लि.रु.260952 | | | |
| | | | ५८/०७७/८/९ | वि एण्ड वि डेभलपर्स रु.86766.77 | | | |
| | | | ५९/०७७/८/१४ | नर बहादुर विष्ट रु.86766.77 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ६२/०७७/८/१७ | एस एन निर्माण तथा परामर्श सेवा रु.2523260.50 | | |
| | | | ६४/२०७७/०९/१३ | मनकामना ट्रेड लिङ्कलाई रु.10000 | | |
| | | | ६५/२०७७/०९/१३ | गणेश काष्ठ फर्निचर तथा स.मिल बेलौरीलाई रु.12600/- | | |
| | | | ६६/२०७७/०९/१७ | पुरैना तालको डिल नि.उ.स. लाई रु.582288/84 | | |
| | | | ६७/२०७७/०९/२० | श्री भगवानपुर मा.वि.लाई रु.100000/- | | |
| | | | ६९/२०७७/०९/२४ | शोभाताल होमस्टे कार्यक्रम संचालन उ.स. रु.155000/- | | |
| | | | ७१/०७७/१०/६ | वि.पि. निर्माण सेवा (ठे.नं.BEL-MUN/NCB/w/05/2076-077) रु.2074397.77 | | |
| | | | ७२/२०७७/१०/०६ | वि.पि.निर्माण सेवा (ठे.नं.BEL-MUN/NCB/w/08/2076-077) रु.1793346/22 | | |
| | | | ९२/२०७७/१२/१७ | गणेश मा.वि. पर्खाल निर्माण उ.स.लाई रु.261427.77 | | |
| | | | १९९/२०७८/०३/२८ | पुरैना तालको डिल निर्माण उ.स.लाई भुक्तानी रु.570000/- | | |
| | | | ४७/०७७/७/६ | त्रिभुवन मा वि को पर्खाल नि.उ.स. सँग रु.१००६०६८। मा संझौता भइ रु.७३७८०९। को काम सम्पन्न भएकोमा २३.९८% काम कम देखिएको तर भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन विल अनुसार अनुपातिक रुपमा स्थानीय तहले बेहोर्ने कन्टिजेन्सी बाहेकको रकम बाट घटाइ भुक्तानी गर्नु पर्नेमा नघटाइ भुक्तानी गरिएको बढी भुक्तानी भइ असुल गर्नु पर्ने रु. | ५२०१९.४ | |
| | | | ६६/०७७/९/१७ | पुरैना तालको डिल नि.उ.स. सँग रु.१७१३१४६.३२ मा संझौता भइ रु.११६१३२४.९४ को काम सम्पन्न भएकोमा ३२.२% काम कम देखिएको तर भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन विल अनुसार अनुपातिक रुपमा स्थानीय तहले बेहोर्ने कन्टिजेन्सी बाहेकको रकम बाट घटाइ भुक्तानी गर्नु पर्नेमा नघटाइ भुक्तानी गरिएको बढी भुक्तानी असुल गर्नु पर्ने रु. | ४५७९८ | |
| | | | २०३/२०७८/०३/२८ | मालिकार्जुन ह्यूपाइप तथा कंक्रिट उद्योगलाई रु.९६५०२०/- र ए.एन.टी.ट्रेडर्स एण्ड सप्लायर्सलाई रु.४९३२४५/-भुक्तानी गरिएको छ। तर सो को कहाँ प्रयोग भएको वा नभएको कुनै अभिलेख छैन । तसर्थ उक्त ह्यूमपाइप जडान भएको/सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १४५८२६५ | |
| | | | २०४/२०७८/०३/२८ | आधारभूत स्वास्थ्य केन्द्र जाने बाटो तथा फिल्डमा माटो भरान गरी ग्रेभल योजना उ.स.लाई प्राविधिक मूल्यांकन अनुसार रु.३२७०६४/- भुक्तानी हुनुपर्नेमा रु.३३६०२६/- भएको छ । यसरी मूल्यांकन भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ८९६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ३२४/२०७८/०३/२८ | संजिव चौधरीले रिजन ह्यूपाइप तथा कंक्रिट उद्योगको विल पेश गरी रु.९९०९३/-भुक्तानी लिएको देखिन्छ तर सो को कहाँ प्रयोग भएको वा नभएको कुनै अभिलेख छैन । तसर्थ उक्त ह्यूमपाइप जडान भएको/सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ९९०९३ | |
| | | | ३१/२०७७/११/१९ | ह्यूमपाईप तथा विद्युत पोलखरिदको रकम मालिकार्जुन ह्यूमपाईप एण्ड कंक्रिट उद्योगलाई रु.२९८०९४/- को भुक्तानी हूँदा लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा पठाएको भनियता पनि वडा कार्यालयको प्राप्त भएको पत्र संलग्न नभएको साथै जिन्सी दाखिला समेत नभएको देखिन्छ । उक्त वस्तु प्रयोग भएको सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अनियमित रु. | २९८०९४ | |
| | | | ३५३/२०७८/०३/२९ | सिंचाई वोरिङ्ग अनुदान वापत ५०% रतननाथ ट्रेडर्सलाई रु.२४७५००/- मात्र भुक्तानी हुनुपर्नेमा रु.४०००००/- भुक्तानी भएको छ । बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | १५२५०० | |
| | | | गो भौ २१ | प्र.प्र.अ. खेम प्रसाद चौधरीलाई एकपटक भुक्तानी भईसकेको दै.भ्र.भ.रकम, सोही मितिको पुन: दै.भ्र.भ.रकम भुक्तानी गरिएको छ । यसरी दोहोरो भ्रमण खर्च भुक्तानी भएको रु.५५५५। असुल गर्नु पर्ने रु. | ५५५५ | |
| | | | गो भौ १४६ | रोलर चालक पदम बहादुर डगौंरालाइ सम्झौता भन्दा बढी त. भ. भुक्तानी रु.९७२०। असुल गर्नु पर्ने रु. | ९७२० | |
| | | | गो भौ १५१ | न.पा.का कर्मचारीहरुलाइ २५% प्रोत्साहन भत्ता भुक्तानी गरिएको छ । सो को लागि पर्याप्त आन्तरिक आय पनि भएको देखिदैन, अतिरिक्त कार्य गरेको पुष्टयाँई, स्पस्ट मापदण्ड तथा कार्यविधि बेगरै खर्च लेखेको छ । यसरी अतिरिक्त कार्य गरेको पुष्टयाँई, स्पस्ट मापदण्ड तथा कार्यविधि बेगरै खर्च लेखेको अनियमित रु. | ९१३१३० | |
| | | | | कारोबार दैनिकमा विभिन्न सुचना प्रकाशनवापत क्रियटिभ एडभरटाईजिङ्ग प्रा.लि.लाई कर्पोरेट छुट २५% सम्म हुनुपर्नेमा कुनै पनि छुट नलिई (मितव्ययिता नपनाई) भुक्तानी गरेको यसरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३४८०४ | |
| | | | | गो.भौ.नं.४७२।०७७।१२।८ बाट वडा सदस्य महेश सिंह विष्टको भ्रमण आदेश २०७७।१०।२८ देखि २०७७।११।२ अनुसार भ्रमण खर्च रकम भुक्तानी भएकोमा वोर्डिङ्ग पास र प्लेन टिकट २०७७।१०।२८ देखि २०७७।१०।२९ को रहेको पाइयो । यसरी बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.२४००/- गो.भौ.नं. ५७०।०७८।१।१३ बाट वडा अध्यक्ष अर्जुन ढकालको भ्रमण आदेश २०७७।९।१३ देखि २०७७।९।१९ को ६.२५ दिन र २०७७।११।१६ देखि २०७७।११।२१ को ५.२५ दिनको दैनिक रु.१२००/- हुनुपर्नेमा रु.१५००/- का दरले भुक्तानी भएको छ । यसरी बढी भुक्तानी असुल गर्नुपर्ने रु.११.५*३००=३४५०/-, गो.भौ.नं. ६०७।२०७८।१।१९ बाट ह.स.चा.अर्जुन चौधरीको भ्रमण आदेश अनुसार दैनिक रु.१०००/- हुनुपर्नेमा रु.१२००/- का दरले बढी भुक्तानी रु.६००। गरी जम्मा रु. ६४५०। सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६४५० | |
| | | | १९१/२०७८/०२/२१ | त्रिवेणी गोबर ग्याँस कम्पनी प्रा.लि.सँग सम्झौता गरी नगरपालिकाका विभिन्न वडाहरुमा रहेका लाभग्राहिहरुको गोबर ग्याँस मर्मत वापतको रकम भुक्तानी गरिएकोमा सो को मर्मत सम्भार भएको भनी सम्बन्धित शाखाबाट कार्यसम्पन्न भएको पुष्टयाई पेश नभएको साथै कुनै पनि पक्षबाट अनुगमन समेत नदेखिएकोले नियम संगत कार्य सम्पन्न भएको विश्वस्त हुने आधार नदेखिएको प्रमाण पेश हुनुपर्ने रु. | २००००० | |
| | | | | विभिन्न मितिमा नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षक तथा बालविकास सहजकर्ताहरुलाई मासिक रु.१५००/- का | १८००० | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दरले निकासा गर्दा शिक्षक सेवाबाट स्थायी भई जाँदा समेत को रकम जननमूना मा.वि.लाई श्रावण देखि असार मसान्तसम्ममा समेत निकासा गरिएको छ, यसरी कार्यरत शिक्षक वेगर निकासा भएको असुल गर्नुपर्ने रु. | | | |
| | | | | | गो.भौ.नं. २८/२०७८/०१/१० बाट न.पा.ले सामुदायिक तथा संस्थागत विद्यालयको IEMIS अपडेट गर्ने कार्यमा सहजीकरण र कर्मचारी शिक्षक तथा प्र.अ.हरुको अभिमुखीकरण २०७८/०१/०९ र १० गते रहेकोमा सो का लागि नरेन्द्र ब.खातीलाई दै.भ्र.भ. रु.११९००/- भुक्तानी भएको छ, पुन: गो.भौ.नं. ३१/२०७८/०१/१४ बाट अमित प्रसाद भट्टले लिएको पेश्की रकमबाट प्रशिक्षण वापत रु.५१००/- कर कट्टी पछि भुक्तानी गरिएको देखिन्छ, यसरी दोहोरो भुक्तानी असुल गर्नुपर्ने रु. | ८९०० | | |
| | | | | १७/२०७७/०८/२८ | ढुवानी बहाल कर संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा स्थानीय तहको आन्तरिक आम्दानी कोषमा दाखिला गरिएकोले सो रकम लाइ संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १२०० | | |
| | | | | २५/२०७७/९/१५ | वेष्टर्न सर्जिकल लाइ विल अनुसार रु.९९८३९। भुक्तानी गर्नु पर्नेमा रु.१००८३९। भुक्तानी भएकाले बढी भुक्तानी असुल गर्नु पर्ने रु. | १००० | | |
| | | | | ३१/२०७७/१०/०४ | भ्रमण खर्च नियमावली २०६४ अनुसार तालिम दै.भ्र.भ. बढी भुक्तानी भएको चेतराज भट्ट रु.१५००। जय सिँह महरा रु.१५००। र धर्मान्नद भट्ट रु. १५००। असुल गर्नु पर्ने रु. | ४५०० | | |
| | | | | ७३/२०७८/०३/१७ | मिति २०७८।१।९ देखि २०७८।१।१६ गतेसम्म आफैले दै.भ्र.भ.आदेश स्वीकृत गरी ७।२५ दिन को १६००। का दरले रु ११६००/- भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको रु.१६००। असुल गर्नुपर्ने रु. | १६०० | | |
| | | | | ६/२०७७/६/३० | राज ट्रेड एण्ड सप्लायर्सलाइ डेस्कटप कम्प्युटर र प्रिन्टर खरिद वापत वि अनुसार रु.१२४२७९। भुक्तानी हुनु पर्नेमा रु. १३२०००। भएकोले बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु. | ७७२१ | | |
| | | | | ४४/२०७७/०७/२६ | नगर सभाबाट स्वीकृत नभई वडा नं८ को कार्यालयको निर्णयबाट राज ट्रेड एण्ड सप्लायर्सलाई ५ थान मोवाईल खरिद विल को रकम भुक्तानी गरिएको रु | १८२५०० | | |
| | | | | ६४/२०७७/८/२६ | न्यु विजय भाडा पसल बेलौरीलाइ विल अनुसार रु.१६७३५। भुक्तानी गर्नु पर्नेमा रु.३१२४०। भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गरी संचित खातामा दाखिला गर्नु पर्ने रकम रु. | १४५०५ | | |
| | | | | | वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिका कार्यहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्बन्धी व्यवस्था भए अनुसार समयमा नै खुल्ला प्रतिष्प्रर्धात्मक सुचना आह्वान गरी खरिद गर्नुपर्नेमा सो अनुसार नगरी सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित पटक पटक टुक्रे खरिद (सोझै खरिद) गरिएको छ। यसै प्रकृतिका औषधी जन्य सामग्री यसै जिल्लाका अन्य स्थानिय तहहरुमा खुल्ला | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | प्रतिष्प्रर्धात्मक सुचना आह्वान गरी खरिद गरेकोमा ५२% सम्म छुटमा कारोबार भएको देखिएको छ, तर यस न.पा.ले एकै प्रकृतिको वस्तु तथा सेवा खरिद गर्दा मितब्ययिता नअपनाइ असार मसान्तमा आएर पटक-पटक गरी रु.५९०४३२३। बरावरको औषधि सोझै खरिद गरिएको छ । साथै म.ले.प.फा.को तोकिएको ढाँचामा दाखिला गरेको पनि देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | | |
| | | | | कूल जम्मा | ३६१६५९५ | |
| ५६ | | | अनुगमन तथा सम्परीक्षण- | | | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु.२०८२८११०।- बेरुजु सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १८१२१८००० | २०८२८११० | १६०३८९८९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | सम्परीक्षण | |

लेखापरीक्षणको क्रममा निम्नानुसारका बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम सम्परीक्षणको लागि पेश भएकोमा रु.२०८२८१०९।९४ सम्परीक्षण भएको छ ।

| आ.व | दफा | विवरण | रकम | व्यहोरा |
|---|---|---|---|---|
| २०७४/७५ | ३ | बढी खर्च लेखेको | ५२३८००० | पछिल्लो आवमा अल्या गरेको प्रमाण पेश |
| | | ज्वाला वोट देखि खसिराम चौधरी सडक ग्राभेल | | |
| | | मान ब.विकको घरदेखि चेत केसिको चोक सम्म सडक ग्राभेल | | |
| | १६ | बैंक हिसाव मिलान | १६७२२५.३३ | प्रमाण पेश |
| | १७ | घटि जिम्मेवारी सारेको | १३५१९७.३७ | पछिल्लो आवमा अल्या गरेको प्रमाण पेश |
| | ६६ | सिकलसेल रोगको खोजपड्ताल | ९००००० | प्रमाण पेश |
| | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ६८ | विरुवा उत्पादन भर्पाई पेश | ८९९९९५ | प्रमाण पेश | |
| | | | | | ८६ | विउ वितरण | ५६३००० | प्रमाण पेश | |
| | | | | | ८८ | सरकारी खर्चबाट निजि प्रयोजनको खर्च | २३०१० | प्रमाण पेश | |
| | | | | | ८९ | फोटोकपी विल | ११४५० | सक्कल विल पेश | |
| | | | | | ९१ | भ्रमण आदेश | ३२९०० | प्रमाण पेश | |
| | | | | | १०० | नपाउने यातायात भत्ता (प्रकाश श्रेष्ठ) | १५०० | असुल दाखिला प्रमाण पेश | |
| | | | | | १०७ | विउ वितरण | ५६४४०० | वितरण भर्पाई जिन्सी दाखिला प्रमाण पेश | |
| | | | | | | जम्मा | ८५३६६७७.७ | | |
| | | | | २०७५/७६ | ८६ | अनौपचारीक शिक्षा | ६००००० | प्रमाण पेश | |
| | | | | | ९४ | अर्थको नर्म्स | ४०६५० | बैंक दाखिला तथा प्रमाण पेश | |
| | | | | | १०६ | दलित पाश्व चित्र दाखिला नभएको | १४१४७५ | प्रमाण पेश | |
| | | | | | १३९ | भ्रमण प्रतिवेदन | ९१०० | प्रमाण पेश | |
| | | | | | ८५ | नागरिकता टोलि खर्च | २११७१५ | प्रमाण पेश | |
| | | | | | ८९ | प्रशिक्षक भत्ता | ९००० | प्रमाण पेश | |
| | | | | | १३८ | कर कट्टा नभएको | २२२१३ | प्रमाण पेश | |
| | | | | | ८८ | अवलोकन भ्रमण | ३९९२८ | प्रमाण पेश | |
| | | | | | ११८ | बढी तलव खर्च भुक्तानी | ३१३३०९ | प्रमाण पेश | |
| | | | | | ११९ | शिशु स्याहार भत्ता | ५००० | प्रमाण पेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १४० | सामाजिक सुरक्षा भत्ता दाखिला गर्न बाँकी | २९४९३८६.४१ | असुल दाखिला प्रमाण पेश | |
| | | | | ४९ | पेश्की | ० | | |
| | | | | | भूमिराज कन्स्ट्रक्सन | १६९७००० | पेश्की फर्स्यौट भएको प्रमाण पेश | |
| | | | | | लटिनाथ निर्माण सेवा | १३८२००० | पेश्की फर्स्यौट भएको प्रमाण पेश | |
| | | | | | आरब कन्स्ट्रक्सन | १६७९३६१ | पेश्की फर्स्यौट भएको प्रमाण पेश | |
| | | | | | जम्मा | ९१००१३७ | | |
| | | | २०७६।७७ | २ | जिम्मेवारी फरक परेको | ७१८६६३.८३ | प्रमाण पेश | |
| | | | | ६८ | पारिश्रमिक बढी भुक्तानी सुसिला लेखक | ९६६१ | प्रमाण पेश | |
| | | | | ८५ | समायोजन ग्रेड गत बर्षको भुक्तानी | ३२६९२ | प्रमाण पेश | |
| | | | | ९६ | विभिन्न बैंकबाट सामाजिक सुरक्षा दाखिला | ७६६९७७८ | असुल दाखिला प्रमाण पेश | |
| | | | | | जम्मा | ८४३०७९४.८३ | | |
| | | | | | कूल जम्मा | २०८२८१०९.९४ | | |
| ५८ | | | अद्यावधिक बेरुजु-<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | | | | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १६०३८९८९० | २०८२८११० | ४०५५६०९२ | ० | २००९४५९८२ |